जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुट्छ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २९४ | २०८३ साल जेठ २७ गते बुधवार | Wednesday-10-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## कोल्हवी नगरपालिकामा मर्मत र इन्धन खर्चमा गम्भीर अनियमितता, महालेखाको कडा प्रश्न

*शु.आ. सम्बाददाता*
*बारा, २६ जेठ*

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनमार्फत कोल्हवी नगरपालिकामा सवारी साधन मर्मत-सम्भार तथा इन्धन खर्चमा गम्भीर कमजोरी, अभिलेख व्यवस्थापनको अभाव र खर्चको पारदर्शितामाथि प्रश्न उठाएको छ। प्रतिवेदनले लाखौं रुपैयाँ खर्च भए पनि आवश्यक कागजात, मापदण्ड र अभिलेख नपुगेको उल्लेख गर्दै नगरपालिकालाई खर्च व्यवस्थापनमा सुधार गर्न निर्देशन दिएको छ।




महालेखाको प्रतिवेदन अनुसार नगरपालिकाले ट्र्याक्टर ३, एम्बुलेन्स १, दमकल १, ब्याकहो लोडर १, टिपर ३, जीप २, पिकअप भ्यान १ तथा ३२ वटा मोटरसाइकल सञ्चालनमा राखेको छ। ती सवारी साधनको मर्मत-सम्भार शीर्षकमा ५२ लाख ७ हजार रुपैयाँभन्दा बढी खर्च गरिएको देखिएको छ।

तर सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार मर्मत कार्य अघि लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापन गरिएका पार्टपुर्जाको विवरण राख्नुपर्ने तथा मर्मत अभिलेख व्यवस्थित राख्नुपर्ने व्यवस्था भए पनि नगरपालिकाले ती प्रावधानको पूर्ण पालना नगरेको महालेखाले जनाएको छ।

प्रतिवेदनमा मर्मत खर्चको विवरण एकल (Public Assets Management System) मा समेत पूर्ण रूपमा प्रविष्ट नगरिएको उल्लेख छ। यसले खर्चको वास्तविकता परीक्षण गर्न कठिन हुने तथा सार्वजनिक सम्पत्तिको व्यवस्थापन कमजोर भएको संकेत गरेको छ।

महालेखाले पुराना तथा बारम्बार मर्मत गर्नुपर्ने उपकरणको अवस्था मूल्यांकन गरी आवश्यक परे लिलामी प्रक्रिया अघि बढाउन तथा सम्पूर्ण मर्मत खर्चलाई अभिलेखसहित व्यवस्थित गर्न सुझाव दिएको छ।

प्रतिवेदनले नगरपालिकाको इन्धन खर्चतर्फ पनि गम्भीर प्रश्न उठाएको छ। आर्थिक वर्षभरि कार्यालय प्रयोजनका लागि ११ लाख ९१ हजार रुपैयाँभन्दा बढी इन्धन खर्च भएको उल्लेख छ।

उक्त खर्चमा जनप्रतिनिधिहरूलाई उपलब्ध गराइने इन्धन, सरसफाइ तथा मर्मतमा प्रयोग भएका उपकरण, डोजर तथा अन्य निर्माण सामग्री सञ्चालनमा प्रयोग भएको इन्धन समेत समावेश रहेको जनाइएको छ।

तर सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरूले प्रयोग गरेको इन्धनको अभिलेख, सवारी साधन चलेको अवधि, दूरी तथा खपतको मापदण्ड स्पष्ट रूपमा नराखिएकाले वास्तविक खर्चको वस्तुगत परीक्षण गर्न नसकिने अवस्था देखिएको महालेखाको निष्कर्ष छ।

बाँकी तेश्रो पृष्ठमा

## लोकसेवा आयोगको परामर्शबिनै कर्मचारी बढुवा, जितपुर-सिमरा उपमहानगरपालिका माथि महालेखाको प्रश्न

*शु.आ. सम्बाददाता*
*कलैया, २६ जेठ*

आर्थिक अनुशासन, कानुनी प्रक्रिया र सुशासनको पालना गर्नुपर्ने स्थानीय सरकार नै नियमविपरीत कर्मचारी बढुवामा संलग्न भएको खुलासा भएको छ। महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनले जितपुर-सिमरा उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापनमा गम्भीर त्रुटि औंल्याउँदै कानुन मिचेर कर्मचारीको स्तरवृद्धि गरिएको तथ्य सार्वजनिक गरेको हो।




प्रतिवेदन अनुसार उपमहानगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा ९ जना कर्मचारीको स्तरवृद्धि (बढुवा) गरेको छ। तर उक्त बढुवा प्रक्रिया अघि बढाउँदा प्रदेश लोकसेवा आयोगको अनिवार्य परामर्श नलिएको पाइएको छ। महालेखाले यसलाई प्रचलित कानुन र स्थापित प्रशासनिक मापदण्डविपरीत रहेको ठहर गर्दै गम्भीर आपत्ति जनाएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ ले स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय तथा प्रादेशिक कानुनअनुसार हुनुपर्ने स्पष्ट व्यवस्था गरेको छ। त्यसैगरी प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन, २०७५ ले स्थानीय तहमा नियुक्ति, बढुवा, स्तरवृद्धि तथा सेवा सम्बन्धी महत्वपूर्ण निर्णय गर्दा आयोगको परामर्श लिनुपर्ने कानुनी व्यवस्था गरेको छ।

तर जितपुर-सिमरा उपमहानगरपालिकाले यी कानुनी प्रावधानलाई बेवास्ता गर्दै कर्मचारी बढुवा गरेको महालेखाको निष्कर्ष छ। प्रतिवेदनमा आयोगको परामर्श नलिई गरिएको बढुवा नियमसम्मत नदेखिएको स्पष्ट उल्लेख गरिएको छ। लोकसेवा आयोगको उद्देश्य योग्य, सक्षम र प्रतिस्पर्धाबाट आएका जनशक्तिलाई अवसर सुनिश्चित गर्नु हो। आयोगको परामर्शबिना बढुवा गर्दा कर्मचारी छनोट तथा मूल्याङ्कन प्रक्रियाको निष्पक्षतामाथि प्रश्न उठ्ने विज्ञहरूको भनाइ छ।

कुन आधारमा कर्मचारीको स्तरवृद्धि गरियो ? कसलाई प्राथमिकता दिइयो ? मूल्याङ्कनका मापदण्ड के थिए ? यी प्रश्नको स्पष्ट उत्तर नपाइँदा उपमहानगरपालिकाको मानव स्रोत व्यवस्थापन प्रणालीमाथि नै शंका उत्पन्न भएको छ।

प्रशासनिक क्षेत्रका जानकारहरूका अनुसार कानुनले तोकेको प्रक्रिया पूरा नगरी बढुवा गरिनु केवल प्रक्रियागत कमजोरी मात्र होइन, यो सार्वजनिक प्रशासनमा मनोमानीको संकेत पनि हुन सक्छ।

महालेखा परीक्षकको कार्यालयले विगत केही वर्षदेखि स्थानीय तहहरूमा कर्मचारी व्यवस्थापन सम्बन्धी कमजोरी औंल्याउँदै आएको छ। तर जितपुर-सिमरा उपमहानगरपालिकाले भने अझै पनि कानुनी मापदण्डअनुसार प्रणाली विकास गर्न नसकेको प्रतिवेदनले संकेत गरेको छ।

महालेखाले कर्मचारीहरूको स्तरवृद्धि गर्दा सेवा शर्त सम्बन्धी कानुन, बढुवाका सामान्य सिद्धान्त तथा प्रदेश

बाँकी तेश्रो पृष्ठमा

## असार २० भित्र भुक्तानी लिन फेटा गाउँपालिकाको आग्रह, समयमै प्रक्रिया पूरा नगरे कार्यालय जिम्मेवार नहुने

*शु.आ. सम्बाददाता*
*बारा, २६ जेठ*

बारा जिल्लाको फेटा गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमअन्तर्गत सञ्चालित योजना तथा कार्यक्रमहरूको भुक्तानी प्रक्रिया समयमै सम्पन्न गर्न सम्बन्धित सबै शाखा, वडा कार्यालय, निर्माण व्यवसायी, उपभोक्ता समिति तथा सरोकारवाला निकायलाई निर्देशन दिएको छ।




गाउँपालिकाले एक सूचना जारी गर्दै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को व्यवस्था अनुसार आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिनअघि सबै भुक्तानी तथा निकासा प्रक्रिया टुंग्याउनुपर्ने कानुनी प्रावधान रहेको जनाएको छ।

प्रमुख प्रशासकीय अधिकृत राकेश ओझा र लेखा अधिकृत मुकेश प्रसाद साहद्वारा हस्ताक्षरित सूचनामा गाउँपालिकाबाट सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमका कामहरू निर्धारित समयभित्र सम्पन्न गरी आवश्यक कागजातसहित फाइल पेश गर्न आग्रह गरिएको छ।

सूचनाअनुसार गाउँपालिकाअन्तर्गत सञ्चालित सबै योजना तथा कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन, नापजाँच, बिल-भर्पाई तथा आवश्यक कागजात असार १५ गतेभित्र कार्यालयमा पेश गरिसक्नुपर्नेछ। त्यसपछि भुक्तानी तथा फरफारकका लागि आवश्यक प्रक्रिया पूरा गरी असार २० गतेभित्र अनिवार्य रूपमा भुक्तानी लिन सम्बन्धित पक्षलाई जानकारी गराइएको छ।

गाउँपालिकाले आर्थिक वर्षको अन्त्यमा कर दायित्व, संघीय तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम, हिसाब मिलान तथा वित्तीय प्रतिवेदन तयार गर्नुपर्ने भएकाले तोकिएको समयसीमा पालना गर्नुपर्ने जनाएको छ। सूचनामा समयसीमा भित्र आवश्यक प्रक्रिया पूरा नगरी भुक्तानी लिन नआएमा त्यसपछिका दायित्वका लागि कार्यालय जिम्मेवार नहुने स्पष्ट उल्लेख गरिएको छ। यसले निर्माण व्यवसायी, उपभोक्ता समिति तथा योजना कार्यान्वयनमा संलग्न पक्षलाई समयमै कागजात पेश गरी भुक्तानी प्रक्रिया टुंग्याउन दबाब सिर्जना गरेको छ। स्थानीय तहहरूमा आर्थिक वर्षको अन्त्यतिर भुक्तानी लिन भीड बढ्ने र कागजी प्रक्रिया अधुरो हुँदा विवाद सिर्जना हुने अवस्था दोहोरिने गरेका कारण फेटा गाउँपालिकाले समयअघि नै सूचना जारी गरी सबै पक्षलाई सचेत गराएको जनाएको छ।

गाउँपालिकाले तोकिएको मितिभित्र योजना सम्पन्न गरी आवश्यक कागजातसहित कार्यालयमा उपस्थित हुन तथा भुक्तानी प्रक्रिया ढिला नगर्न सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ।

## बसविट्टी जिङ्गडिया माविका बिधार्थीद्वारा सञ्चारकर्मी बिरुद्ध कार्वाहीको माग गर्दै प्रदर्शन

*रूपेश यादव*
*रौतहट, २६ जेठ*

रौतहटको गरुडा नगरपालिका-८ स्थित बसविट्टी जिङ्गडिया माध्यमिक विद्यालयका विद्यार्थीहरूले सञ्चारकर्मी राहुल साहविरुद्ध कानुनी कारबाहीको माग गर्दै मंगलबार इलाका प्रहरी कार्यालय गरुडाअगाडि प्रदर्शन गरेका छन्।




विद्यार्थीहरूले सञ्चारकर्मी साहले पत्रकार आचारसंहिता विपरीत व्यक्तिगत रिसइबी र स्वार्थसिद्धिका लागि विद्यालय तथा प्रधानाध्यापकलाई बदनाम गर्ने उद्देश्यले समाचार प्रकाशन तथा प्रसारण गरेको आरोप लगाएका छन्। उनीहरूले यस्ता गतिविधिका कारण विद्यालयको शैक्षिक वातावरण प्रभावित भएको दाबी गरेका छन्। प्रदर्शनका क्रममा विद्यार्थीहरूले इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर प्रसाद आचार्यसमक्ष आफ्नो गुनासो राख्दै बारम्बार भइरहेका विवादका कारण पठनपाठनमा असर परेको बताएका थिए। उनीहरूले आफूहरू न्यायको अपेक्षासहित प्रहरीसमक्ष पुगेको उल्लेख गर्दै निष्पक्ष छानबिन र कानुनी कारबाहीको माग गरेका छन्।

विद्यार्थीहरूको गुनासो सुनेपछि डीएसपी आचार्यले प्राप्त जाहेरीका आधारमा मुद्दा दर्ता भई अनुसन्धान प्रक्रिया अगाडि बढिरहेको जानकारी दिए। उनले अनुसन्धानलाई प्रभावित पार्ने गतिविधिमा संलग्न नहुन आग्रह गर्दै विद्यार्थीहरूलाई नियमित रूपमा विद्यालयमा अध्ययनमा केन्द्रित हुन सुझाव दिए।

विद्यालयका प्रधानाध्यापक जंगबहादुर ठाकुरले सञ्चारकर्मी साहले व्यक्तिगत रिसइबीका कारण आफू र विद्यालयलाई निरन्तर दुःख दिने गरेको आरोप लगाए। उनका अनुसार विद्यालयमा आएर अनावश्यक दबाब सिर्जना गर्ने, सामाजिक सञ्जालमार्फत धाक, धम्की तथा त्रासपूर्ण व्यवहार देखाउने र विद्यालय व्यवस्थापन समितिका अध्यक्षप्रति अपमानजनक अभिव्यक्ति दिने कार्य हुँदै आएको छ।

प्रधानाध्यापक ठाकुरले यसअघि पनि गलत तथा आधारहीन समाचार प्रकाशन गरेको आरोपमा सम्बन्धित व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको र सबै पक्षको उपस्थितिमा सहमतिपत्र (बाउन्ड) गराएर माफी माग्ने प्रक्रिया सम्पन्न भएको बताए। तर त्यसपछि पनि व्यवहारमा सुधार नआई पुनः उस्तै गतिविधि दोहोरिएको उनको दाबी छ। यद्यपि, घटनाबारे आरोपित सञ्चारकर्मी राहुल साहको धारणा प्राप्त हुन सकेको छैन। प्रहरीले भने प्राप्त उजुरीमाथि अनुसन्धान जारी रहेको र अनुसन्धानको निष्कर्षका आधारमा आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने जनाएको छ।

यस घटनाबारे सम्बन्धित सबै पक्षको आधिकारिक धारणा र प्रहरी अनुसन्धानको अन्तिम निष्कर्ष आउन बाँकी रहेको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# निर्देशन मात्र होइन, परिणाम पनि देखिनुपर्छ

बारा जिल्लाको पूर्वाधार विकास कार्यालय कलैयासँग सम्बन्धित कामकारबाही, योजना कार्यान्वयन तथा ठेक्का व्यवस्थापनबारे विगत केही वर्षदेखि निरन्तर प्रश्न उठ्दै आएका छन् । विकास निर्माणका काममा ढिलासुस्ती, गुणस्तरहीन निर्माण, आर्थिक अनियमितता र अपारदर्शिताका गुनासाहरु बारम्बार सार्वजनिक भइरहेका छन् । यस्तै पृष्ठभूमिमा कार्यालयमा दोस्रो पटक हाजिर भएका प्रमुख (सिडिई) ओमकुमार साहलाई प्रमुख जिल्ला अधिकारी धर्मेन्ऽकुमार मिश्रले दिएको निर्देशनलाई सामान्य प्रशासनिक औपचारिकता मात्र मान्न सकिँदैन ।

प्रमुख जिल्ला अधिकारीले कार्यालय सञ्चालनलाई पारदर्शी, जवाफदेही र जनमुखी बनाउन दिएको निर्देशनले प्रशासन विकास निर्माणका क्षेत्रमा देखिएका विकृति र विसंगतिप्रति गम्भीर रहेको संकेत गरेको छ । विशेषगरी कार्यालय समयको पालना, सेवाग्राहीलाई दुःख नदिने व्यवस्था, कर्मचारी संयन्त्रलाई सक्रिय बनाउने तथा ठेक्का व्यवस्थापनमा पारदर्शिता कायम गर्ने विषयहरु सुशासनका आधारभूत पक्ष हुन् । यस्ता सामान्य मानिने विषयहरु नै व्यवहारमा प्रभावकारी रुपमा कार्यान्वयन नहुँदा विकास कार्यालयहरु विवादमा तानिने गरेका छन् । चिन्ताको विषय के हो भने विकास बजेट खर्च गर्ने क्रममा आर्थिक वर्षको अन्तिम समयमा देखिने हतारो, ठेकेदार र कार्यालयबीच हुने अस्वाभाविक निकटता तथा गुणस्तरभन्दा बजेट सक्ने प्रवृत्तिले राज्यको लगानीमाथि नै प्रश्न खडा गरेको छ । सार्वजनिक स्रोतको प्रयोगमा शंका उत्पन्न हुने अवस्था आफैंमा सुशासनको कमजोरी हो । त्यसैले प्रशासनले यस्ता गतिविधिप्रति चासो देखाउनु सकारात्मक कदम हो ।

तर निर्देशन दिनु मात्र पर्याप्त हुँदैन । विगतमा पनि विभिन्न कार्यालयहरुलाई पटक-पटक निर्देशन दिइएका उदाहरण प्रशस्त छन् । तर त्यसको प्रभावकारी अनुगमन र मूल्याङ्कन हुन नसक्दा समस्या जस्ताको तस्तै रहने गरेको अनुभव छ । यदि प्रशासन वास्तवमै सुशासनप्रति प्रतिबद्ध छ भने निर्देशनसँगै नियमित अनुगमन, कार्यसम्पादन मूल्याङ्कन र आवश्यक परे कारबाहीको प्रक्रिया पनि अघि बढाउनुपर्छ ।

पूर्वाधार विकास कार्यालयका प्रमुखले समेत कार्यालयलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । अब यो प्रतिबद्धता व्यवहारमा देखिनुपर्छ । विकास योजनाको गुणस्तर, समयमै सम्पन्नता, सार्वजनिक खरिद प्रक्रियाको पारदर्शिता तथा सेवाग्राहीमैत्री कार्यशैलीमार्फत मात्र जनविश्वास पुनः स्थापित गर्न सकिन्छ ।

बारा जिल्लामा विकास निर्माणका कामलाई लिएर बढ्दो जनचासो र जननिगरानीका बीच अब परिणाममुखी सुधारको आवश्यकता छ । प्रशासनको निर्देशनलाई अवसरका रुपमा उपयोग गर्दै पूर्वाधार विकास कार्यालयले नयाँ कार्यसंस्कृति स्थापित गर्न सके मात्र यसले सार्थकता पाउनेछ । अन्यथा निर्देशनका समाचार केही दिन चर्चामा रहे पनि समस्या भने पुरानै अवस्थामा रहनेछ । जनताले अब आश्वासन होइन, परिणाम हेर्न चाहेका छन् ।

# कचौरा थापेर कहिलेसम्म बस्ने ?



डा. चन्द्रमणि अधिकारी

संयुक्त राष्ट्रसंघको विकास नीति समितिले प्रतिव्यक्ति न्यून आय भएका, मानव सम्पत्तिको न्यून स्तरको विकास भएका र आर्थिक तथा वातावरणीय जोखिममा रहेका मुलुकलाई अतिकम विकसित मुलुक (एलडीसी)का रूपमा लिने गरेको छ ।

अतिकम विकसित राष्ट्रहरूबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि प्रतिव्यक्ति कुल राष्ट्रिय आय, मानव सम्पत्ति सूचकांक र आर्थिक तथा वातावरणीय जोखिम सूचकांकको मापदण्ड पूरा गरेको हुनुपर्छ। नेपालले दुईवटा मापदण्ड पहिले नै पूरा गरिसकेको थियो । अहिले प्रतिव्यक्ति कुल राष्ट्रिय आयमा वृद्धि भएपछि तीनवटै मापदण्ड पूरा गरी विकासशील राष्ट्रमा स्तरोन्नति हुने अवसर प्राप्त भएको छ । राष्ट्रसंघको परिभाषा र दुईवटा सूचकको मापदण्ड पूरा भएपछि पनि स्तरोन्नति हुन सकिन्छ । नेपाल पहिले नै स्तरोन्नति हुन सक्थ्यो, तर भूकम्प र कोभिड- १९ को संक्रमणलाई देखाएर स्तरोन्नतिबाट पछि हट्यो । जसका कारण संघले सन् २०२६ नोभेम्बरसम्मको समयसीमा दिएको हो ।

अहिले झन्डै दुईतिहाइको जनमत प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को एकल सरकार छ । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकार आँटिलो छ र अहिले चौतर्फी अवसर पनि छ । आर्थिक वातावरण सुधार गर्छु भन्ने प्रतिबद्धता व्यक्त गरेको र वैदेशिक पुँजी तथा जनशक्ति भित्र्याउने घोषणा गरेको यो सरकारले पनि नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुनबाट रोक्दै खुट्टा कमायो । यो सरकार मुलुकको स्तरोन्नतिमा पछि हट्ला भन्ने त सोचेकै थिइनँ । सत्ताबाहिर बसेर बोल्नु र सत्तामा पुगेपछि आँट पुऱ्याउनुमा फरक रहेछ भन्ने यसबाट प्रमाणित भएको छ ।

हामीसँग स्रोतसाधन नभएको होइन, जनशक्ति, सम्भाव्यता वा अवसर नभएको पनि होइन । प्राकृतिक स्रोतसाधन प्रशस्त छ । पानीकै पनि उचित उपयोग गर्न सकिएको छैन । जलस्रोतलाई जलविद्युत्को दृष्टिले मात्र हेरिएको छ, जबकि यसको उपयोग बहुमुखी छ । अरब राष्ट्रहरूले नुनिलो पानीलाई प्रशोधन गरेर पिइरहेका छन् । हाम्रोमा शुद्ध र स्वच्छ पानीलाई धेरै ढंगले उपयोग गर्न सकिन्छ ।

'पानी अल्मल्याऔं, गति कम गरौं' भन्ने त नारा नै बनाएको छु । हामीकहाँ थरीथरीका पानी छन । हिमनदीबाट आउने पानी छ, सिमसारको पानी छ र बर्खामा आकाशबाट परेर आउने पानी छ । हाम्रो सबै खालको पानी धेरै ढंगले राम्रो छ । पानी परेको बढीमा ३६ घण्टाभित्र सीमापार गर्दो रहेछ । त्यसैले मैले पानी अड्याउने वा अल्मल्याउने भनेको हुँ । पानीको बहुमुखी उपयोग गर्ने हो- जलविद्युत्, सिँचाइ, थरीथरीका तालतलैयाको सिर्जना गर्ने, सिमसारको संरक्षण गर्ने र नयाँ सिमसार तयार गर्ने हो । प्रकृतिलाई नबिगारी आधुनिक किसिमले प्रविधिको उपयोग गरी गरा प्रणालीलाई पुनर्जीवित गर्न सकिन्छ । कुवा र पोखरी निर्माण गरी पानीको गतिलाई ७२ घण्टा पुऱ्याउन सके पानीबाटै धेरै फाइदा लिन सकिन्छ । राजमार्गमा प्यानल बनाएर छोड्ने हो भने चुरे पुनर्जीवित हुन्छ र तराई रसिलो हुन्छ । पानीबाट घरेलु उपयोग र जलविद्युत् उत्पादनमात्र होइन, हिमालबाट झरेको पानीलाई बोटलिङ गरेर विदेश निर्यातसमेत गर्न सकिन्छ। यो त एउटा उदाहरणमात्र हो ।

सधैं गरिब छौं भन्दै अतिकम विकसित राष्ट्रको रूपमा कचौरा थापेर बसिरहनु उचित होइन । अब पनि स्तरोन्नति नहुने हो भने अन्य विकसित मुलुकहरूले पत्याउँदैनन् । हो, स्तरोन्नतिपछि चुनौती नभएको होइन । स्तरोन्नति भएमा अन्तर्राष्ट्रिय बजारमा पहुँच पुग्दैन, हाम्रा वस्तुहरू महँगा हुन्छन्, हामीले प्राथमिकता पाउँदैनौं र सहुलियत दरमा ऋण पाउँदैनौं भनेर पछि हट्नु हुँदैन । के ऋण सहायता लिएर त्यसको सही उपयोग गर्न सकिएको छ त ? कत्तिको उपयोग भएको छ?

अहिले विश्वमा अनुदान दिन सक्ने क्षमता नै घट्दै गएको अवस्था छ । मुलुकको स्तरोन्नति भए पनि वा नभए पनि अब हामीलाई अनुदान धेरै आउँदैन । विश्वका शक्तिशाली राष्ट्रहरू युद्धमा छन् र उनीहरूको खर्च युद्धका लागि भइरहेको छ; त्यसैले पनि अनुदान आउँदैन । ४० र ५० को दशकमा गार्मेन्ट तथा गलैंचाको अन्तर्राष्ट्रिय बजारमा राम्रो पहुँच थियो । अहिले रेमिट्यान्सबाट रकम आए जस्तै, त्यतिबेला निर्यातको ७९ प्रतिशत विदेशी मुद्रा गार्मेन्ट र गलैंचाबाट आउँथ्यो । अहिले त्यो अवस्था छैन ।

मुलुकको स्तरोन्नतिपछि सकारात्मक र नकारात्मक प्रभाव कहाँ-कहाँ पर्छ, त्यसमा अध्ययन गरी रणनीतिक योजना बनाउन सकिन्छ। यो आजको भोलि नै लागू हुने होइन । ग्रेस अवधि तय गरेर वैकल्पिक उपाय खोज्न सकिन्छ। कतिपय मुलुकसँग द्विपक्षीय वार्ता वा सहमति गरी विशेष सम्झौता गर्न सकिन्छ। तर, सरकार रणनीतिक उपाय खोज्नेतिर गएन, बरु सजिलो बाटो रोज्यो । सरकारले चुनौतीको सामना गर्ने बाटो खोज्नुपर्थ्यो । अब त सहायता माग्दा दाताले पनि 'सधैं मागिरहन्छन्' भन्ने हेयको दृष्टिले हेर्न सक्छन् र सहायता पाइरहन्छौं भन्ने निश्चित पनि छैन ।

अधिकारी, अर्थविद् हुन्


गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४८३४७
इंडियन नं :– +91 8935959150
सम्पर्क स्थान :– जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर



## परवानीपुर गाउँपालिका द्वारा जनहितमा जारी सन्देश


- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

परवानीपुर गाउँपालिकाको कार्यालय, बारा

## अन्तराष्ट्रिय समाचार

# अमेरिकाको निशानामा चिनियाँ टेक कम्पनी

***न्यूयोर्क-*** संयुक्त राज्य अमेरिकाले चीनका केही प्रमुख प्रविधि कम्पनीहरूले चिनियाँ सेनाको गतिविधिलाई सहयोग गरिरहेको विश्वास व्यक्त गर्दै तिनलाई समेटिएको अद्यावधिक सूची सार्वजनिक गरेको छ। यस कदमले हालै सुधारको सङ्केत देखिएको अमेरिका-चीन सम्बन्धमा पुनः तनाव बढ्न सक्ने अनुमान गरिएको छ। अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन) ले सोमबार सार्वजनिक गरेको सूचीमा चीनका चर्चित प्रविधि कम्पनीहरू अलिबाबा, बाइडू, टेनसेन्ट, विद्युतीय सवारी निर्माता बीवाइडी तथा अन्य कम्पनीहरूलाई समावेश गरेको छ ।



पेन्टागनका अनुसार यी कम्पनीहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चिनियाँ सैन्य क्षमतासँग सम्बन्धित गतिविधिमा संलग्न रहेको आशङ्का गरिएको छ । यो सूची अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केही साताअघि बेइजिङ भ्रमण गरी चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गरेपछि सार्वजनिक गरिएको हो। उक्त भेटमा दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई स्थिर बनाउने प्रयास गरेका थिए । त्यसपछि ट्रम्पले सीलाई आगामी सेप्टेम्बरमा वासिङ्टन भ्रमणको निमन्त्रणा पनि दिएका थिए ।

यद्यपि पेन्टागनको पछिल्लो निर्णयले विश्वका दुई ठूला अर्थतन्त्रबीचको प्रतिस्पर्धा र अविश्वास अझ गहिरिन सक्ने विश्लेषण गरिएको छ । रक्षा मन्त्रालयले यसअघि फेब्रुअरीमा यस्तै सूची संक्षिप्त रूपमा सार्वजनिक गरे पनि केही समयपछि कुनै स्पष्ट कारण नदिई फिर्ता लिएको थियो। सोमबार सार्वजनिक गरिएको नयाँ सूची अधिकांश रूपमा फेब्रुअरीको संस्करणसँग मिल्दोजुल्दो छ । तर त्यसबेला सूचीबाट हटाइएका दुई प्रमुख मेमोरी चिप उत्पादक कम्पनीलाई पुनः समावेश गरिएको छ। ती कम्पनीहरू चाङ्सिन मेमोरी टेक्नोलोजी र याङ्जे मेमोरी टेक्नोलोजी हुन्।

अमेरिकी संसद्को चीनसम्बन्धी विशेष समितिका रिपब्लिकन अध्यक्ष प्रतिनिधि जोन मुलेनारले यो सूचीलाई अमेरिकी व्यवसाय, सरकारी निकाय र सर्वसाधारणका लागि चेतावनीका रूपमा व्याख्या गरे । उनले अमेरिकी कम्पनीहरूलाई राष्ट्रिय सुरक्षासँग सम्बन्धित जोखिम भएका यस्ता संस्थासँगको व्यापारिक सम्बन्ध पुनर्विचार गर्न आग्रह गरे । सूचीमा समावेश गरिएका कम्पनीहरूमध्ये अलिबाबा, बाइडू र टेनसेन्ट चीनका कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा अग्रणी मानिन्छन्।

टेनसेन्ट यसअघि नै अमेरिकी निगरानी सूचीमा परिसकेको थियो। यद्यपि यी कम्पनीहरूलाई सूचीमा राखिए पनि तत्काल कडा कानूनी प्रतिबन्ध भने लाग्ने छैन । तर विश्लेषकहरूका अनुसार यस्तो सूचीलाई भविष्यमा थप कडा प्रतिबन्ध, लगानी नियन्त्रण वा अन्य दण्डात्मक उपायहरूको पूर्वसङ्केतका रूपमा हेरिन्छ।

नयाँ सूचीमा औषधि अनुसन्धान कम्पनी वुक्सी एपटेक तथा मानव आकारका रोबोट विकास गर्ने स्टार्टअप कम्पनी युनिट्रीलाई पनि समावेश गरिएको छ । अमेरिकाले चीनका संवेदनशील प्रविधि, कृत्रिम बौद्धिकता र उच्च प्रविधियुक्त उद्योगहरूमा सैन्य सम्बन्ध रहेको आशङ्का बढ्दै गएको सन्दर्भमा यस्तो कदम चालेको जनाएको छ।







करैयामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

करैयामाई गाउँपालिकाको कार्यालय, करैया, बारा

बारागढी गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

बारागढी गाउँपालिकाको कार्यालय, खोपवा, बारा

## कोल्हवी.........

महालेखाले विशेष गरी ट्र्याक्टर, एम्बुलेन्स तथा अन्य भारी उपकरणहरूले कति इन्धन खपत गरे भन्ने विवरण व्यवस्थित रूपमा नराखिएको भन्दै यसले खर्चको विश्वसनीयतामाथि प्रश्न खडा गरेको जनाएको छ।

प्रतिवेदनमा नगरपालिकालाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (एक्क) को पूर्ण प्रयोग गरी मर्मत तथा इन्धन खर्चलाई अभिलेखमा आधारित, पारदर्शी र मापदण्डअनुसार बनाउन निर्देशन दिइएको छ ।

महालेखाले निर्माण कार्यमा प्रयोग भएका उपकरणहरूको हकमा लागत अनुमान, नापी किताब, खर्च पुष्टि गर्ने बिल-भर्पाई तथा अन्य प्रमाण कागजात सुरक्षित राख्न समेत सुझाव दिएको छ ।

नगरपालिकाले करोडौं मूल्यका सवारी साधन र उपकरण सञ्चालन गरिरहेको अवस्थामा मर्मत तथा इन्धन खर्चको स्पष्ट अभिलेख नराखिनु वित्तीय अनुशासन र सुशासनमाथि गम्भीर प्रश्न भएको सरोकारवालाहरूको भनाइ छ। महालेखाको प्रतिवेदन सार्वजनिक भएसँगै नगरपालिकाको आर्थिक प्रशासन, सम्पत्ति व्यवस्थापन तथा खर्च नियन्त्रण प्रणालीबारे थप बहस सुरु भएको छ ।

स्थानीयवासीहरूले सार्वजनिक स्रोतको दुरुपयोग रोक्न, खर्चको पारदर्शिता कायम गर्न तथा महालेखाले औंल्याएका कमजोरी तत्काल सुधार गर्न नगरपालिकासँग माग गरेका छन्।

## लोकसेवा.........

लोकसेवा आयोगको परामर्शलाई अनिवार्य रूपमा अवलम्बन गर्न निर्देशन दिएको छ।

उपमहानगरपालिकामा कर्मचारी बढुवा जस्तो संवेदनशील निर्णय प्रशासनिक प्रमुख, मानव स्रोत शाखा तथा सम्बन्धित पदाधिकारीहरूको सिफारिस र निर्णयका आधारमा हुने गर्दछ । त्यसैले आयोगको परामर्शबिनै बढुवा प्रक्रिया सम्पन्न हुनु प्रशासनिक नेतृत्वको गम्भीर लापरवाही भएको टिप्पणी हुन थालेको छ।

सुशासन, पारदर्शिता र कानुनी शासनको नारा दिने स्थानीय तहले आफ्नै प्रशासनिक संरचनाभित्र कानुनको पालना नगर्दा नागरिकमा नकारात्मक सन्देश गएको सरोकारवालाहरू बताउँछन्।

महालेखाले औंल्याएको विषय सामान्य बेरुजु वा कागजी कमजोरी मात्र नभई स्थानीय प्रशासनको विश्वसनीयतासँग जोडिएको विषय हो । कर्मचारी व्यवस्थापनमा राजनीतिक वा व्यक्तिगत प्रभावको आशंका उत्पन्न हुने अवस्था सिर्जना हुनु कुनै पनि सार्वजनिक संस्थाका लागि गम्भीर विषय मानिन्छ । यदि आगामी दिनमा पनि यस्ता प्रक्रिया दोहोरिए भने कर्मचारी व्यवस्थापनमा विवाद बढ्ने, योग्यताको आधारमा अवसर प्राप्त गर्ने प्रणाली कमजोर बन्ने तथा स्थानीय सरकारप्रतिको जनविश्वासमा असर पर्ने देखिन्छ।

महालेखा परीक्षकको कार्यालयले दिएको निर्देशन कार्यान्वयन गर्दै उपमहानगरपालिकाले कर्मचारी बढुवा तथा स्तरवृद्धिका सबै प्रक्रिया कानुनअनुसार, पारदर्शी र लोकसेवा आयोगको परामर्शमा आधारित बनाउनुपर्ने आवश्यकता देखिएको छ । अन्यथा सुशासनको दाबी गर्ने स्थानीय सरकार स्वयं कानुन उल्लंघनको उदाहरण बनेर बस्ने खतरा बढ्दै गएको छ।

## गृहमन्त्री.........

राजदरबारमा भएको सामूहिक हत्याकाण्डमा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाह, रानी ऐश्वर्य राज्यलक्ष्मी शाह, युवराज दीपेन्द्र, राजकुमार निराजन, राजकुमारी श्रुति लगायत राजपरिवारका अधिकांश सदस्यको ज्यान गएको थियो।

उक्त घटनामा राजकुमार धीरेन्द्र, राजकुमारी जयन्ती, शान्ती, शारदा तथा कुमार खड्गविक्रम शाहको समेत मृत्यु भएको थियो। घटनाले नेपाली समाजलाई गहिरो आघात पुर्‍याएको थियो भने त्यसपछि नेपालको राजनीतिक तथा संवैधानिक यात्राले नयाँ मोड लिएको थियो।

घटनापछि तत्कालीन राजा ज्ञानेन्द्र शाहको निर्देशनमा सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय र तत्कालीन सभामुख तारानाथ रानाभाट सम्मिलित छानबिन समिति गठन गरिएको थियो।

समितिले तयार पारेको प्रतिवेदनमा युवराज दीपेन्द्रलाई नै घटनाको मुख्य जिम्मेवार ठहर गरिएको थियो । तर उक्त प्रतिवेदन सार्वजनिक भएदेखि नै त्यसको निष्कर्षमाथि विभिन्न राजनीतिक दल, नागरिक समाज तथा सर्वसाधारणले प्रश्न उठाउँदै आएका छन्।

सुरक्षाको कडा घेराभित्र रहेको राजदरबारभित्र भएको घटनाको सम्पूर्ण सत्य बाहिर नआएको भन्दै विगत दुई दशकभन्दा बढी समयदेखि पुनः छानबिनको माग उठ्दै आएको छ । गृहमन्त्री गुरुङको यो निर्णय सार्वजनिक भएसँगै राजनीतिक वृत्तमा नयाँ बहस सुरु भएको छ। एकातिर दरबार हत्याकाण्डको सत्यतथ्य सार्वजनिक हुनुपर्ने आवाज उठिरहेको छ भने अर्कोतर्फ यति लामो समयपछि पुनः अनुसन्धान सम्भव हुने वा नहुने विषयमा प्रश्नसमेत उठ्न थालेका छन्। यसैबीच प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले गुरुङलाई पुनः गृहमन्त्री बनाइएको विषयलाई लिएर सरकारको आलोचना गरिरहेको छ । यद्यपि गृहमन्त्रीको पहिलो निर्णयले भने राजनीतिक तथा सुरक्षा क्षेत्रमा व्यापक चासो पैदा गरेको छ।

विश्लेषकहरूका अनुसार यदि सरकारले दरबार हत्याकाण्डसम्बन्धी फाइल पुनः सक्रिय रूपमा अघि बढाउँछ भने यो पछिल्ला वर्षहरूकै सबैभन्दा चर्चित र संवेदनशील अनुसन्धानमध्ये एक बन्न सक्छ। साथै यसले विगतका रहस्यमय घटनामाथि पुनः बहस र सत्य खोजीको प्रक्रिया सुरु गराउने सम्भावना पनि देखिएको छ।

### सुचना सुचना सुचना

लाइफ इन्स्योरेन्स कार्पोरेशन नेपाल लिमिटेडमा बिमा गराई गौर नगरपालिका वडा नं १० का मनोज साहको नाउँमा रहेको बिमालेख प्रमाणपत्र नं १७००३८२८३ घर देखी बिरगंज सम्म यात्राको क्रममा मिती २०८३/२/१० गते हराई रहेको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा मोवाईल नं ९८४५५६१९०१ मा खवर गरिदिनुहुन् अनुरोध छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# विद्यालय र समुदायस्तरमा गौर आँखा अस्पतालको महाअभियान तीव्रः २८५ विद्यार्थीको परीक्षण, ईशनाथमा विशेष शिविर

*शु. आ. सम्बाददाता*
*रौतहट, २६ जेठ*

नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित गौर आँखा अस्पताल, पुरेनवाको महाअभियान कार्यक्रम अन्तर्गत विद्यालय तथा समुदाय केन्द्रित आँखा स्वास्थ्य कार्यक्रमलाई तीव्र पारिएको छ । अभियान अन्तर्गत सेवा फाउण्डेसनको प्राविधिक तथा आर्थिक सहयोगमा गौर नगरपालिका-३ स्थित अशोक इन्टरनेशनल इङ्लिस बोर्डिङ स्कुलमा आँखा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमसहित वृहत् आँखा शिविर सम्पन्न भएको छ ।




विद्यालयका बालबालिकाहरूलाई लक्षित गरी आयोजना गरिएको उक्त शिविरमा २८५ जना विद्यार्थीको निःशुल्क आँखा परीक्षण गरिएको थियो । परीक्षणका क्रममा १३ जना बालबालिकामा दृष्टिदोषको समस्या फेला परेको अस्पताल प्रशासनले जनाए । दृष्टिदोष देखिएका ती बालबालिकाहरूलाई आगामी शनिबार अस्पतालमा थप विस्तृत परीक्षण गरी सोही दिन निःशुल्क चश्मा समेत वितरण गरिने जनाए । शिविरमा सहभागी सबै विद्यार्थीहरूको आँखा जाँच गरिनुका साथै आवश्यक परामर्श र निःशुल्क औषधि समेत वितरण गरिएको थियो ।

यसैबीच ज्येष्ठ नागरिक तथा स्थानीय सर्वसाधारणलाई लक्षित गर्दै बुधबार जेठ २७ गते ईशनाथ नगरपालिकाको औरैयास्थित पुरानो नगरपालिका भवनमा विशेष आँखा शिविर आयोजना गरिने भएको छ । शिविरका लागि आवश्यक सम्पूर्ण तयारी पुरा भइसकेको आयोजकले जनाए । गौर-३ स्थित सामाजिक संस्था माण्डवीको विशेष पहल तथा सहयोगमा सञ्चालन हुन लागेको यस शिविरबाट स्थानीय ज्येष्ठ नागरिक तथा विपन्न वर्ग प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ ।

गौर आँखा अस्पतालका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेका अनुसार आज हुने शिविरमा विशेषज्ञ चिकित्सकहरूद्वारा निःशुल्क आँखा परीक्षण, परामर्श तथा निःशुल्क औषधि वितरण गरिनेछ । साथै परीक्षणका क्रममा मोतियाविन्दु फेला परेका बिरामी महिला तथा पुषहरूलाई अस्पतालमा ल्याई लेन्ससहितको निःशुल्क शल्यक्रिया गरिने व्यवस्था मिलाइएको छ ।

कार्यक्रम संयोजक पाण्डेले ईशनाथ क्षेत्रका सम्पूर्ण ज्येष्ठ नागरिक आँखाका बिरामी तथा सर्वसाधारणलाई शिविरमा सहभागी भई उपलब्ध स्वास्थ्य सेवाको अधिकतम लाभ लिन अपिल गरे ।

# रवि लामिछाने बिरूद्धको संगठित अपराध अभियोग खारेज, सहकारी ठगी मुद्दा भने यथावत्

*बीरगंज, २६ जेठ*

पर्सा जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसहितका प्रतिवादीविरुद्ध लगाइएको संगठित अपराधसम्बन्धी अभियोग हटाउन अनुमति दिएको छ । अदालतको पछिल्लो आदेशसँगै अब उक्त मुद्दा सहकारी ठगीसम्बन्धी अभियोगमा मात्र केन्द्रित भएर अघि बढ्ने भएको छ ।

जिल्ला न्यायाधीश मोहन सुवेदीको इजलासले मंगलबार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोगपत्र संशोधन गर्न अनुमति दिएको हो । जिल्ला सरकारी वकिल कार्यालय पर्साले महान्यायाधिवक्ताको स्वीकृतिपछि अदालतमा अभियोग संशोधनको निवेदन दर्ता गरेको थियो ।




अदालतमा भएको सुनुवाइका क्रममा नेपाल सरकारका तर्फबाट जिल्ला न्यायाधिवक्ता मनोजप्रसाद गुप्ताले बहस गरेका थिए भने प्रतिवादीका तर्फबाट अधिवक्ताद्वय दीपेन्द्र झा र चन्द्रिकाप्रसाद पटेलले कानुनी तर्क प्रस्तुत गरेका थिए ।

विशाल सहनी गोढीलगायतको जाहेरीका आधारमा दर्ता भएको सहकारी ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा अदालतले संगठित अपराधको आरोप पुष्टि गर्न आवश्यक आधार नदेखिएको भन्दै उक्त अभियोग हटाउन अनुमति दिएको हो । यद्यपि, सहकारी ठगीसम्बन्धी अभियोग भने यथावत् राखिएको छ । यो मुद्दा वीरगन्जको आदर्शनगरस्थित सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिना र अपचलनसम्बन्धी आरोपसँग जोडिएको छ ।

यस प्रकरणमा सहकारीका बचतकर्ताको रकम दुरुपयोग भएको भन्दै विभिन्न व्यक्तिहरूविरुद्ध मुद्दा दायर गरिएको थियो ।

अदालतको आदेशअनुसार अब प्रतिवादीहरूमाथि संगठित अपराधसम्बन्धी कानुनी दायित्व नलाग्ने भए पनि सहकारी ठगीसम्बन्धी आरोपमा न्यायिक प्रक्रिया भने निरन्तर अघि बढ्नेछ । यससँगै मुद्दाको केन्द्रबिन्दु अब सहकारीको रकम अपचलन भएको वा नभएको विषयमा केन्द्रित हुने देखिएको छ ।

यसअघि कास्की जिल्ला अदालतले पनि रवि लामिछानेविरुद्ध लगाइएको सम्पत्ति शुद्धीकरण तथा संगठित अपराधसम्बन्धी अभियोग हटाउन अनुमति दिएको थियो ।

पर्सा अदालतको पछिल्लो आदेशलाई पनि सोही प्रकृतिको अर्को महत्वपूर्ण कानुनी विकासका रूपमा हेरिएको छ ।

अदालतको आदेशपछि अब मुद्दाको आगामी सुनुवाइ सहकारी ठगीसम्बन्धी आरोपको तथ्य, प्रमाण र प्रतिवादीहरूको भूमिकामाथि केन्द्रित हुने कानुन व्यवसायीहरूको भनाइ छ ।

# मधेश प्रदेश अधिवेशन रोकियो, रास्वपाले स्थगित गर्‍यो सबै गतिविधि

*शु.आ. सम्बाददाता*
*बारा, २६ जेठ*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बहुप्रतीक्षित मधेश प्रदेश अधिवेशन अनिश्चितकालका लागि स्थगित गरिएको छ । पार्टीको केन्द्रीय निर्वाचन आयोगले विशेष निर्णय गर्दै अधिवेशनसँग सम्बन्धित सम्पूर्ण गतिविधि अर्को सूचना जारी नभएसम्म रोक्न निर्देशन दिएको हो ।




आयोगले सोमबार जारी गरेको अत्यन्त जरुरी सूचनामा पार्टी विधान, २०७९ (तेस्रो संशोधनसहित) को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी अधिवेशन स्थगित गरिएको जनाएको छ । आयोगका अनुसार अधिवेशनलाई निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत ढंगले सम्पन्न गराउने उद्देश्यले हालका लागि सम्पूर्ण प्रक्रिया रोक्नु आवश्यक देखिएको हो ।

आयोगका प्रमुख भुवन के.सी.द्वारा जारी सूचनामा प्रतिनिधि छनोटदेखि उम्मेदवारी दर्ता, निर्वाचन कार्यक्रम, प्रचारप्रसार, बैठक, भेला तथा अधिवेशन आयोजनासँग सम्बन्धित सबै गतिविधिमा स्थगन आदेश लागू हुने उल्लेख गरिएको छ ।

अधिवेशनको तयारी तीव्र भइरहेका बेला अचानक यस्तो निर्णय आएपछि पार्टीभित्र विभिन्न चर्चा सुरु भएका छन् । यद्यपि निर्वाचन आयोगले स्थगनको विस्तृत कारण सार्वजनिक गरेको छैन । आयोगले अधिवेशन पुनः सञ्चालन हुने मिति, समय र संशोधित कार्यतालिका आवश्यक तयारीपछि सार्वजनिक गरिने जनाएको छ ।

निर्वाचन आयोगले नयाँ सूचना जारी नभएसम्म अधिवेशनसँग सम्बन्धित कुनै पनि गतिविधि सञ्चालन नगर्न तथा आयोगको निर्णयको पूर्ण पालना गर्न सम्बन्धित सबै नेता, कार्यकर्ता र प्रतिनिधिहरूलाई आग्रह गरेको छ ।

मधेश प्रदेश अधिवेशनलाई रास्वपाको संगठन विस्तार र प्रदेशस्तरीय नेतृत्व चयनका दृष्टिले महत्वपूर्ण रूपमा हेरिएको थियो । तर आयोगको पछिल्लो निर्णयसँगै अधिवेशन प्रक्रिया तत्कालका लागि रोकिएको छ भने नयाँ कार्यतालिकाको प्रतीक्षा बढेको छ ।

# सरकारले २५ अत्यावश्यक सेवामा हडताल गर्न रोक लगायो

*काठमाडौं, २६ जेठ*

सरकारले देशभरका २५ वटा अत्यावश्यक सेवामा हडताल गर्न निषेध गरेको छ । गृह मन्त्रालयले सोमबार नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दै आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) बमोजिम उक्त निर्णय कार्यान्वयनमा ल्याएको जनाएको हो । सरकारले सार्वजनिक जीवन, सेवा प्रवाह तथा राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष असर पर्ने क्षेत्रहरूलाई अत्यावश्यक सेवाको सूचीमा राख्दै ती क्षेत्रमा हडताल, काम बन्द वा सेवा अवरुद्ध गर्न नपाइने व्यवस्था गरेको छ ।




राजपत्रमा प्रकाशित सूचनाअनुसार डाँक, टेलिफोन, सञ्चार, यातायात, हवाई सेवा, खानेपानी, विद्युत्, बैंकिङ, बिमा, स्वास्थ्य, औषधि, पेट्रोलियम पदार्थ, इन्टरनेट तथा दैनिक उपभोग्य वस्तुको आपूर्ति जस्ता सेवा हडताल निषेधित क्षेत्रभित्र परेका छन् ।

त्यसैगरी अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालन, एम्बुलेन्स सेवा, फोहोरमैला व्यवस्थापन, मौसम तथा बाढी पूर्वानुमान, भेटेरिनरी सेवा, राहदानी तथा कन्सुलर सेवा, पर्यटन क्षेत्रसँग सम्बन्धित सेवा र सरकारी छापाखानासम्बन्धी सेवा पनि निषेधित सेवाको सूचीमा समावेश गरिएको छ । गृह मन्त्रालयका अनुसार नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने सेवा अवरुद्ध हुँदा जनजीवन प्रभावित हुने, आर्थिक गतिविधिमा असर पर्ने तथा सार्वजनिक सुरक्षामा चुनौती उत्पन्न हुन सक्ने भएकाले यस्तो निर्णय गरिएको हो ।

सूचनामा हातहतियार तथा सैनिक सामग्री उत्पादन, भण्डारण र वितरणसँग सम्बन्धित सेवा, आन्तरिक सुरक्षा सेवा, सरकारी गोदाम व्यवस्थापन, रेल्वे तथा हवाई अड्डामा मालसामान व्यवस्थापन लगायतका क्षेत्रलाई पनि अत्यावश्यक सेवाको रूपमा कायम गरिएको उल्लेख छ ।

कोभिड-१९ महामारीपछि स्वास्थ्य सुरक्षासँग सम्बन्धित मास्क तथा ह्यान्ड स्यानिटाइजरसम्बन्धी सेवालाई समेत अत्यावश्यक सेवाको सूचीमा राखिएको छ । यसले स्वास्थ्य संकटका बेला आवश्यक सामग्रीको आपूर्ति अवरुद्ध हुन नदिन सरकार सचेत रहेको देखिन्छ । आवश्यक सेवा सञ्चालन ऐनअनुसार अत्यावश्यक सेवामा कार्यरत कर्मचारी वा श्रमिकले हडताल गरे वा सेवा अवरुद्ध पारे कानुनी कारबाही हुन सक्ने व्यवस्था छ । सरकारले सार्वजनिक हित, सुरक्षा र सेवा प्रवाहलाई निरन्तरता दिन यस्तो कदम चालेको जनाएको छ ।

सरकारको यो निर्णयसँगै अब देशका प्रमुख सेवा क्षेत्रहरूमा श्रमिक आन्दोलन वा हडतालका कार्यक्रम सञ्चालन गर्न कानुनी रूपमा प्रतिबन्ध लाग्ने भएको छ । श्रमिक संगठनहरूले भने यस विषयमा आफ्नो धारणा सार्वजनिक गर्न बाँकी रहेको छ ।

# गृहमन्त्री गुरुङको पहिलो निर्णय : दरबार हत्याकाण्डको फाइल पुनः खोल्ने तयारी

*काठमाडौं, २६ जेठ*

नवनियुक्त गृहमन्त्री सुधन गुरुङले पदभार ग्रहण गरेलगत्तै नेपालको इतिहासकै सबैभन्दा चर्चित र विवादास्पद घटनामध्ये एक मानिने नारायणहिटी दरबार हत्याकाण्डको फाइल पुनः खोल्ने निर्णय गरेका छन् । सिंहदरबारस्थित गृह मन्त्रालयमा मंगलबार कार्यभार सम्हाल्दै उनले वि.सं. २०५८ जेठ १९ गते भएको दरबार हत्याकाण्डबारे थप अनुसन्धान प्रक्रिया अघि बढाउने निर्णयमा हस्ताक्षर गरेका हुन् ।



पदभार ग्रहणपछि सञ्चारकर्मीसँग कुरा गर्दै गृहमन्त्री गुरुङले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई अझ सुदृढ, स्वायत्त र प्रभावकारी बनाइने बताएका छन् । उनका अनुसार विगतमा विभिन्न कारणले निष्कर्षमा पुग्न नसकेका वा विवादित बनेका अनुसन्धानका विषयहरूलाई पुनः अध्ययन गरी तार्किक निष्कर्षमा पुर्‍याइनेछ ।

"राज्यका विभिन्न निकायमा वर्षौंदेखि विचाराधीन रहेका तथा जनचासोका विषय बनेका घटनाको अनुसन्धानलाई निष्कर्षमा पुर्‍याउन सरकार प्रतिबद्ध छ," गृहमन्त्री गुरुङले भने ।

वि.सं. २०५८ साल जेठ १९ गते शुक्रबार राति नारायणहिटी

बाँकी तेश्रो पृष्ठमा

## प्रसौनी गाउँपालिका द्धारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर  मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

प्रसौनी गाउँपालिकाको कार्यालय, प्रसौनी, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा